



दोर्दीखोला आयोजनामा लगानी सम्झौता......१

एडीबीका उच्च अधिकारीसंग भेट .......१

इण्डिया इन्भेष्ट्रेड २०१३ काठमाडौमा सम्पन्न......२

○ माघ २०७० | ○ वष १/अङ्क ४

# एच.आइ.डि.सि.एल. न्यूजलेटर

## HYDROELECTRICITY INVESTMENT & DEVELOPMENT COMPANY LIMITED

## जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको

**द्वैमासिक ईपेपर**

*जलविद्युतको विकासबाट समृद्व नेपालको निर्माणमा अघि बढ्दै*

## दोर्दीखोला आयोजनामा लगानी सम्झौता

२७ मेगावाटको दोर्दीखोला जलविद्युत् आयोजनामा हालै लगानी समझौता भएको छ । एचआईडीसीएललगायत आठ बैंक तथा वित्तीय संस्थाले सहवित्तीयकरणमार्फत यस आयोजनामा ३ अर्ब १७ करोड रुपैयाँ लगानी गर्ने छन् । सहवित्तीयकरण अन्तर्गत प्राइम कर्मशियल बैंकको अगुवाईमा एचआईडीसीएलले ५० करोड रुपैयाँ लगानी गर्ने छ । आयोजनाको अनुमानित लागत ३ अर्ब ६० करोड रुपैयाँ छ । जसअनुसार कर्जा लगानी ७५ र बाँकी २५ प्रतिशत प्रवर्द्धकको लगानी हुने छ । आयोजना लम्जुङको चिति गाउँ विकास समितिमा पर्छ । आयोजना हिमालयन पावर पार्टनर लिमिटेडले विकास गर्न लागेको हो । आगामी सन् २०१७ सम्म आयोजना निर्माण सम्पन्न गर्ने लक्ष्य प्रवर्द्धक हिमालयनको छ ।




आयोजना क्षेत्र

**वित्तीय विवरण**

- आयोजना लागत:: ४.२३ अर्ब
- कर्जा लगानी : स्वपूंजी: ७५:२५
- कर्जामा व्याज दर: १२ प्रतिशत
- प्रतिफल : १४.३५ प्रतिशत
- इक्युटीमा प्रतिफल : १८.२९ प्रतिशत
- कर्जा भुक्तानी अवधि: ६ वर्ष

**आयोजनाको संक्षिप्त विवरण**

**प्राविधिक विवरण**

- जडित क्षमता: २७ मेगावाट
- डिजाइन डिस्चार्ज (क्यू ४०)स १५.२८ घनमिटर प्रतिसेकेण्ड
- बाँध: ओगी वेयर, ७० मिटर फराकिलो
- विद्युत्गृह : सर्फेस विद्युत्गृह
- टर्वाइन प्रकार र संख्या: एचए फ्रान्सिस टर्वाइन (३x९.३ मेगावाट)
- वार्षिक ऊर्जा उत्पादन: १४ करोड २७ लाख ५० हजार युनिट
- प्रसारणलाइन: १३२ केभीए, ३.२ किलोमिटर
- ग्रीड जोड्ने: प्रस्तावित उदिपुर स्टेशन

## एडीबीका उच्च अधिकारीसंग भेट

जलविद्युत लगानी बैठकपछि यसलाई निरन्तरता दिन जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचअआईडीसीएल) का अध्यक्ष तथा ऊर्जा मन्त्रालयका सचिव विश्वप्रकाश पण्डितको नेतृत्वमा छ सदस्यीय एक प्रतिनिधिमण्डल गत डिसेम्बर ५-६ तारिख फिलिपिन्सको मनिला प्रस्थान गरेको थियो ।

प्रतिनिधिमण्डलमा अर्थमन्त्रालयका सहसचिव तथा सञ्चालक नवराज भण्डारी, सञ्चालक पराक्रम भण्डारी, एचआईडीसीएलका प्रमुख कार्यकारी अधिकृत दीपक रौनियार लगायत नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक अर्जुनकुमार कार्की र लगानी बोर्डका सहसचिव मुकुन्दप्रसाद पौडलको पनि सहभागिता थियो । सो अवसरमा एडीबीका उपाध्यक्ष विन्दुनाथ लोहनी, एडीबी नेपालका लागि कार्यकारी निर्देशक मिलामी विन हमादले नेपालको ऊर्जा क्षेत्रमा सहयोग गर्ने बताउनुभयो ।
बैठकमा दुबै तर्फका प्रतिनिधिमण्डलले नेपाल-भारत अन्तरदेशीय प्रसारणलाइन पुर्वाधार विकासमा जोड दिएका थिए । सो अवसरमा एडीबीका वरिष्ठ अधिकारीले ऊर्जामा सहयोग गर्ने बताएका थिए । यस्तै एडीबीका उच्च अधिकारीले नेपालको ऊर्जा क्षेत्रको वृद्धिमा सक्दो योगदान दिने प्रतिवद्धता व्यक्त गरेका थिए ।

दुई दिने बैठकमा नेपाललाई सहयोग गर्न एडीबीका थुप्रै विभागहरुका साथै वित्तीय उत्पादन र अवसरमा केन्द्रीत रहेर वृहत छलफल भएको थियो । यो भ्रमणले एचआईडीसीएललाई एडीबीसम्म पंहुच बढाउन राम्रो अवसर प्रदान गरेको छ । बैठकमा सीईओ रौनियारले एचआईडीसीएलको बारेमा जानकारी दिनुका साथै जलविद्युत विकासमा आवश्यक वित्तीय स्रोत व्यवस्थापनका लागि नेपाल सरकारले केन्द्रीत संस्था स्थापना गरेको जानकारी गराउनु भएको थियो । सीईओ रौनियारले एचआईडीसीएलको विस्तृत उद्धेश्य, अधिकारका बारे जानकारी गराउनु भएको थियो । साथै संस्थालाई आवश्यक कोष

*(बाँकी पृष्ठ २ मा)*

# नेपालबाट विद्युत आयात गर्न भारतमा छलफल

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत दीपक रौनियारले गत डिसेम्बर ११ मा भारतको राजधानी न्यु दिल्लीमा भारत उद्योग परिसंघ र ब्रिटिस उच्च आयोगद्धारा संयुक्त रुपमा आयोजित नेपालबाट विद्युत् आयातका पक्षमा भारतीय व्यापारिक तथा नियामक विषयक एक दिवसिय कार्यशालालाई सम्बोधन गर्नुभयो ।

कार्यशालाको मुख्य उद्धेश्य नेपालबाट विद्युत् निकासीमा देखिएका समस्याका बारेमा दुबै देशका सरोकारावालासंग छलफल भएको थियो । नेपालमा जलविद्युत्को ठुलो संभावना र भारतमा ऊर्जाको माग बढी रहेको पृष्ठभुमीमा कार्यशालाको आयोजना गरिएको थियो । भारतमा कोइलामा आधारित ऊर्जा उत्पादन भइरहको बेला नेपालबाट विद्युत् आयात नै उत्तम विकल्प रहेको बताइएको थियो । एक दिवशिय कार्यशालाको उद्घाटन बिहार इलेक्टिसिटी रेगुलटरी कमिसनका अध्यक्ष उमेशनारायण पञ्जियारले गर्नुभएको थियो । पञ्जियारले दुबै देशका जनता जनताबीच राम्रो सम्बन्ध भएकाले नेपालबाट भारतमा बिजुली आयात गर्ने वास्तविक अवसर भएकाले यसलाई कार्यन्वयनमा जोड दिनुभयो । सो अवसरमा ऊर्जा मन्त्रालयका सहसचिव उदयराज सापकोटा नेपालको ऊर्जा क्षेत्रमा कानूनी व्यवस्थाका बारेमा जानकारी गराउनु भएको थियो ।

एचआइडीसीएलका सीईओ रौनियारले नेपालबाट भारतमा बिजुली निकास गर्न संरचनागत चुनौतिहरु रहेको जानकारी गराउनुभयो । मझौला तथा ठुला जलविद्युत्मा लगानी गर्न सरकारले संस्थालाई अधिकार दिएको जानकारी दिंदै उहाँले ऊर्जामा विदेशबाट लगानी ल्याउन संयोजनकरी र सहयोगी भुमिका खेल्ने बताउनुभयो ।

कार्यशालामा भारतका प्रमुख ऊर्जा कम्पनी जीएमआर इनर्जी लिमिटेड, सतलज जलविद्यत् निगम लिमिटेड, पावर ग्रीड कर्पोरेशन, ल्यान्को हाइडोपावर, भिल्वारा ग्रुप, आइएल एन्ड एफएस, एस्सर पावर र जिन्दाल पावर कम्पनीका प्रतिनिधीले आफनो धारणा राखेका थिए ।

दुई देशबीच विद्युत् आदनप्रदानमा बढी स्पष्ट सोच, नियामक र कानूनी सहजताका साथै अन्तरदेशिय प्रसारणलाइन पुर्वाधार र ऊर्जाको उत्पादन बढाउनु पर्ने आवश्यकता औल्याउदै बैठक समापन भएको थियो ।

# इण्डिया इन्भेष्ट्रेड २०१३ काठमाडौमा सम्पन्न

ऊर्जा क्षेत्र र इलेक्ट्रिक उपकरण उत्पादनका साथै खरिद विकि सम्बन्धित तीन दिने प्रर्दशनी गत डिसेम्बरमा सम्पन्न भयो । प्रर्दशनीमा इण्डियन चेम्बर अफ कमर्श (कोलकता), भारतीय उद्योग तथा वाणिज्य मन्त्रालय, नेपालस्थित भारतीय दुतावासको संयुक्त आयोजनामा मेला सम्पन्न भएको थियो । प्रर्दशनीमा ऊर्जा क्षेत्रका र विद्युतीय उपकरण उत्पादक गरी करिव ६० भारतीय कम्पनीले सहभागित जनाएका थिए । ऊर्जा क्षेत्रमा भएका विभिन्न उत्पादनका बारेमा लगानीकर्तालाई जानकारी गराउनुका साथै भारतीय कम्पनीलाई नेपालमा लगानीको क्षेत्र पहिल्याउनु प्रर्दशनीको मुख्य उद्धेश्य रहेको थियो ।

प्रर्दशनीस्थलमा ऊर्जा क्षेत्रमा द्विपक्षिय सहयोगका बारेमा सभा र छलफलहरु भएका थिए । प्रर्दशनीमा तत्कालिन ऊर्जामन्त्री उमाकान्त झा, अर्थमन्त्री शंकरप्रसाद कोइराला र भारतीय नविकरणीय ऊर्जामन्त्री डा. फारुक अब्दुल्लाहले उद्घाटन गर्नुका साथै सम्बोधन समेत गर्नुभएको थियो । पारस्पारिक आर्थिक लाभ र ऊर्जाको व्यापार प्रवर्द्धनमा द्विपक्षिय सहयोग आवश्यक भएकोमा विज्ञ तथा सरकारी अधिकारीहरुले जोड दिएका थिए । साथसाथै विद्युत उत्पादन, प्रसारण र वितरणमा द्विपक्षिय पारस्पारिक सहयोग आवश्यक भएको सहभागीले औल्याएका थिए । सो अवसरमा दुई देशका प्रतिनिधिले ऊर्जा विकासका लागि दुई देशबीच विद्युत् व्यापार समझौतामा जोड दिएका थिए ।

सो अवसरमा नेपाल उद्योग वाणिज्य महासघका अध्यक्ष सुरज वैद्य र भारतीय चेम्बर अफ कमर्शका महानिर्देशक डा. राजीव सिंहले समझदारीपत्रमा हस्तारक्षर गर्नुभएको छ । यो समझदारीले दुई संस्थाबीच व्यापार प्रवर्द्धनमा आपसी सहयोगका साथै व्यापार सम्बन्धित सूचना आदनप्रदान गर्नेछ । समारोहमा जलविद्युत् लगानी विकास कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत दीपक रौनियारले नेपालमा जलविद्युत् लगानीका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

## (पृष्ठ १ बाट....) एडीबीका उच्च अधिकारीसंग भेट

जुटाउन एडीबीले गर्न सक्ने सहयोगको बारेमा छलफल भएको थियो ।
एडीबीका अधिकारीले एचआईडीसीएलको कियाकलापमा रुची देखाउनुका साथै संस्थालाई आवश्यक पर्ने कोष जुटाउन सहयोग गर्न प्रतिवद्धता व्यक्त गरेका थिए । साथै, अन्तरदेशिय प्रसारण लाइन पुर्वाधार, नेपाल र भारतबीच विद्युत व्यापार सम्झौता र नयाँ कार्वन कोषका विषयमा छलफल भएको थियो ।

द्वैमासिक ईपेपर

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड
बबरमहल, काठमाडौं
फोन: ९७७-१-४२५७०२४, ४२५७०२५ फ्याक्स:+९७७-१-४२६१०६० इमेल: info@hidcl.org.np URL:www.hidcl.org.np